# नेपाली ट्रेड यूनियन आन्दोलन र अयोध्याप्रसाद सिंह

● विष्णु रिमाल

नेपाली ट्रेड यूनियन आन्दोलनको इतिहासमा अयोध्याप्रसाद सिंह बिर्सनै नसकिने नाम हो। उनी भारतीय थिए र जमशेदपुरको टाटा कारखानाका मजदुर नेता थिए। भारतीय सोसलिस्ट पार्टीसँग सम्बन्धित रहेका सिंह विरुद्ध टाटा कम्पनीको आन्दोलनमा सक्रिय रहेकोले वारेन्ट काटियो। गिरफ्तारीबाट बच्न र टाइफाइडको बिरामी रहेकाले आराम गर्नको लागि नेपाली मित्र महेशप्रसाद उपाध्यायकोमा बस्ने गरी उनी विराटनगर आए। त्यसपछि उनी २००७ सालदेखि नेपाली ट्रेड यूनियन आन्दोलनमा सामेल भए।

अयोध्या सिंह, कपिलदेव र महेश उपाध्यायसंगै गिरिजा प्रसादहरूलाई सहयोग गर्न यूनियन आन्दोलनमा सहभागी भएका थिए। उनले अखिल नेपाल ट्रेड यूनियन कांग्रेसलाई फुटाई “मजदुर सभा” निर्माण गर्दा समेत गिरिजा प्रसाद - कपिलदेवलाई साथ दिएका थिए। तर छोटो समयमा नै मजदुरसभा (बिराटनगर मिल्स मजदुर सभा), मजदुर कै विरुद्ध पूँजीपतिहरूको हतियार बन्न पुगेकोले अयोध्या सिंहहरू अखिल नेपाल ट्रेड यूनियन कांग्रेससँग तालमेल राख्दै मजदुर सभाको नेतृत्व विरुद्ध मजदुरहरूलाई सचेत पार्न थाले।

गिरिजाप्रसादहरू सितको टकराव अयोध्या सिंहलाई महंगो पर्‍यो। मजदुर सभाबाट गिरिजा प्रसाद - कपिलदेवलाई निष्कासन गरेको लगत्तै मजदुर सभाको कार्यालयमा प्रहरीले तोडफोड गर्‍यो। २०४८ सालमा नेपाल ट्रेड यूनियन महासंघका प्रतिनिधिसँग कुराकानी गर्दै महेश उपाध्यायले भने- “त्यस दिन प्रहरी सहित आएका गिरिजा बाबुले नोटको गड्डी देखाउँदै भनेछन्- ये ले लो और इण्डिया चले जाओ।” अयोध्या सिंहले मजदुरलाई धोका दिन नसक्ने बताएपछि उनलाई गिरफ्तार गरियो र धनकुटा जेल चलान गरियो।

ऐतिहासिक दस्तावेजहरूले यस विषयमा बोलेका छन्। विराटनगर गोश्वारा मोरंग, (नेपाल सरकार) का बडाहाकिमको हस्ताक्षर भएको हिन्दी भाषाको सूचना (नं. ४) मा लेखिएको छ- "बिराटनगर जुट मील्स र कटन मील्सका कर्मचारी तथा मजदुर वर्गलाई जानकारी होस्, अयोध्या प्रसाद सिंह, रघुनाथ सिंह, सर्दार सलिल मियाँले कानून विरोधी आचरण गरी शान्ति भंग गरेको अपराधमा गिरफ्तार गरिएको छ। उनीहरूलाई कानूनी कार्वाही गरिने छ।"

अयोध्या सिंह गिरफ्तार हुँदा मजदुरहरूले ८ सूत्रीय माग व्यवस्थापन समक्ष राखेका थिए। त्यो माग पूरा गराउन उनले आमरण अनसन गरे। मजदुर सभाको १९५१।९।३ को दस्तावेजमा माग पूरा गर्ने आश्वासन पाएपछि उनले अनसन तोडेको भनिएको छ, सरकारको गृह विभागले २००८ साल साउन १२ गते एउटा "मजदुर जाँच कमिसन" गठन गरेको दस्तावेजमा उल्लेख छ। उक्त जाँच कमिसनमा मजदुर प्रतिनिधिका रूपमा गिरिजाप्रसाद कोइरालालाई नियुक्त गरिएको पनि सोही दस्तावेजले बताउँछ।

इतिहासमा अयोध्या सिंह, महेश उपाध्यायहरूको नेतृत्वमा रहेको मजदुर सभाले बंगालको जस्तै सुविधा नेपालमा हुनुपर्ने (बंगाल अवार्ड लागू गर□) माग गरेको तर गिरिजाप्रसाद- कपिलदेव समूहले कटिहारको जत्तिकै सुविधामा चित्त बुझाएकोले पनि विवाद भएको भन्ने उल्लेख छ।

"जाँच कमिसन" लाई "नेपालभर मुलुकमा सालभरी चालू रहने मील फ्याक्टरीहरूमा काम गर्ने मजदुरहरूको के कस्तो अवस्था छ सो र भारतका मजदुरहरूको के कस्तो अवस्था छ, त्यसको तुलनात्मक अध्ययन गर्ने र मील मालिक र मजदुरहरूमा परस्परमा राम्रो सम्बन्ध बाँध्ने र हाम्रो मुलुकमा मजदुरको आर्थिक अवस्था सुधार्ने आवश्यक कुराको फाँटवारी तयार गर्ने उद्देश्यले हाललाई विराटनगर, वीरगंजको निरिक्षण गरी उचित सिफारिस गर्ने" म्यान्डेट दिएको पाइन्छ।

अयोध्या सिंह र गिरिजाहरूको तीव्र विवाद यहाँ पनि प्रतिविम्वित हुन्छ। "जाँच कमिसन"मा यूनियनको नेताको रूपमा अयोध्या सिंहलाई नियुक्त गर्नुको सट्टा गिरिजालाई सामेल गरी अयोध्या सिंहलाई देश निकाला गर्ने आदेश दिइन्छ। अझ अयोध्या सिंहलाई कमिशनको बैठकमा भाग लिन जाँदा वेइज्यति गरिन्छ।

२००८ भदौतिर उद्योग मन्त्रीलाई लेखिएको मजदुर सभाको पत्रले भन्छ- "ता. ३।९।५१ को कमिशनको बैठकमा (श्री प्रेसिडेन्ट) श्री अयोध्या सिंह जाँदा (प्रेसिडेन्ट) को उपस्थितिमा विरोध गरेकोले र (प्रेसिडेन्ट) को अपमान हुन गएकोले मील्स मजदुर सभाको कार्यसमितिले निम्नलिखित प्रस्ताव पास गरी सूचनार्थ पठाएको छ।"

प्रस्तावको (क) मा "श्री अयोध्या सिंहलाई नेपाल सरकारले नेपाल छोड्ने आदेश दिएको छ, त्यो यथाशीघ्र नेपाल सरकारले वापस लिनुपर्छ" उल्लेख छ ।

अयोध्या सिंह धनकुटा जेलबाट छुटेको लगत्तै बिते । धेरै मजदुरहरूको आरोप छ- उनलाई जेलमा स्लो प्वाइजन (मन्द विष) दिइएको थियो । २३ अगस्त ५१ को साँझ ७ बजे जोगवनीको मेडिकल अफिसर डा. पी. के. चक्रवर्तीले गरेको प्रमाणित पत्रमा लेखिएको छ- "म यो प्रमाणित गर्छु कि श्री अयोध्या सिंह वर्ष ३०, हिन्दु (पुरुष) मिल मजदुर सभा विराटनगर (नेपाल)को अध्यक्षले अनसन गरेको दोस्रो दिन देखि नै स्वास्थ्य जाँच गरिरहेको छु। उनको अवस्था दिन दिनै बिग्रिरहेको छ। यसै गरी अनसनमा रहने हो भने उनको जीवन नै खतरामा पर्न सक्छ ।"

महेश उपाध्यायको भनाइ छ- "उहाँलाई पेटको रोग थियो । जेलमा डाक्टरले के औषधि दियो थाहा छैन । जेलबाट छुट्दा उहाँ अत्यन्तै बिरामी देखिनु हुन्थ्यो । जचाउँदा इन्टरनल अबस्ट्रक्सन (आन्द्रा गाँठो परेको) थाहा भयो । र, हामीले तुरुन्तै भारतको पूर्णिमा पुऱ्यायौं । अप्रेसन पनि भयो । तर, उहाँ बाँच्नु भएन । पछि गाँठो परेको आन्द्रामा भएको खानेकुरा जाँच गर्दा फूड प्वाइजन भएको थाहा भयो ।

श्रमिक खबर, संख्या ६३, चैत २०५७